संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क साप्ताहिकको सह-प्रकाशन






■ बर्ष-१६, ▶▶ अंक ३२२ ▶▶ जेठ २८ शुक्रबार,२०७८, June –11 Friday ,2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com


## ताप्लिका ३० ले पाए खोप

❖ मुलुकी संवाददाता

*ताप्ली, जेठ २७*

ताप्लिका ३० जनाले खोप पाए जिल्लाको पश्चिमी ताप्ली गाउँपालिकामा बिहिबार ३० जनालाई खोप दिईएको छ । ताप्लिमा १३ महिला र१७ पुरुषलाई खोप दिईएको गाउपालिकाले जनाएको छ ।

भेरोसियल खोप आगामी जेठ २९ गतेसम्म पालिकाको केन्द्रहरुमा दिईने जिल्ला जनस्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। अन्य उमेर समुह र अग्रभागमा रहेर काम गर्ने व्याक्तिहरुलाई पनि चाँडै भेरोसियल खोप दिने जिल्ला जनस्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । उदयपुरमा जिल्लाभरका आठ वटै पालिकामा खोप दिईरहेको छ ।





**सडक कालोपत्रे सुरु ।** बिहिबारदेखि सुरु भएको गाईघाटको सडक कालोपत्रे गर्ने कार्यको अबलोकन गर्दै त्रियुगा नगरपालिका गाईघाट उदयपुरका मेयर बलदेब चौधरी बायाँ र सडक कालोपत्रे गर्ने ठेक्का जिम्मा पाएका प्रबिण बस्नेत बाँया । तस्बिर - बुद्धि कुमार राई ।

## तिनतले महिलाको सहयोग

❖ मुलुकी संवाद्दाता

*कटारी, जेठ २७*

उदयपुरको कटारी नगरपालिका ५ को तीनतले युनाईटेड महिला समूहले आफ्नो गाउवस्तीलाई कोरोनाबाट जोगाउन जनचेतना कार्यक्रम गरेको छ ।

सस्थाले स्वास्थ्य सामाग्री समेत वितरण गरेको छ । सोमबार र मंगलबार दुईदिन लगाएर समूहले गाउँमै घर - घर मै पुगेर कोरोनाबाट कसरी बच्ने र समुदायलाई कसरी बचाउने जनचेतना फैलाएको थियो ।

सस्थाले मास्क , साबुन लगायतका स्वास्थ्य सामाग्रीहरु वितरण गरिएको समूहले जनाएको छ । विश्वव्यापी महामारीबाट आवश्यक रहेको भन्दै समूहले कार्यक्रम गरेको जनाएको छ ।

## उदयपुरमा कोविड संक्रमण घट्दै

❖ महेश्वर चामलिङ

*उदयपुर, जेठ २७*

उदयपुरमा पहिलेको तुलनामा कोविड संक्रमितको संख्या घट्दै गएको छ । पछिल्लो २४ घण्टाभित्र जिल्लामा ८ महिलासहित १४ जना नयाँ संक्रमित देखिएका छन् । संक्रमितहरु सबै त्रियुगा नगर पालिकाका भएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । थप नयाँसँगै जिल्लामा सक्रीय संक्रमितको संख्या १ हजार १ सय ४५ पुगेको छ ।

जसमा ५ सय १७ महिला छन् भने बाँकी पुरुष छन् । उता संक्रमितहरु निको हुने क्रम पनि बढ्दै गएको छ। २४ घण्टाभित्र निको हुनेहरु १३ जना छन् । यो सँगै निको हुनेको संख्या १ सय ६९ महिलासहित ४ सय ५ पुगेको स्वास्थ्य कार्यालय प्रमुख मोहन सुबेदीले बताएका छन् ।

निको हुनेहरुमा त्रियुगाका ६७ महिलासहित १ सय ६९, चौदण्डीगढीका ४५ महिलासहित १ सय २, बेलकाका २३ महिलासहित ४४ र कटारीका ६ महिलासहित १६, रहेका छन् । त्यस्तै लिमचुङबुङका १८ महिलासहित ३६, रौतामाईका ६ महिलासहित २९, उदयपुरगढीका ३ महिलासहित ८ र ताप्लीकी एक महिला निको भएको सुबेदीले बताए ।

सदरमुकाम गाईघाट, कोविड अस्पताल बेलटारलगायत बिभिन्न आईसोलेसन सेन्टर र होमआईसोलेसनमा उपचाररत सक्रीय संक्रमितहरु त्रियुगाका २ सय ४६ महिलासहित ५ सय ५८ छन् । कटारीका ५९ महिलासहित १ सय ३६, बेलकाका ७२ महिलासहित १ सय ४४ र चौदण्डीगढीका ६० महिलासहित १ सय २५ रहेका छन् ।

त्यस्तै लिमचुङबुङका ३१ महिलासहित ६३, रौतामाईका २८ महिलासहित ६३, उदयपुर गढीका १७ महिलासहित ४५ र ताप्लीका ४ महिलासहित ११ जना संक्रमित उपचारमा रहेका छन् ।जिल्ला प्रहरी कार्यालयका अनुसार अहिलेसम्म बिभिन्न स्थानीयतहका - *बाँकी ३ पेजमा*


# नारायणी ग्याँस

## गाईघाट,डिलर, उदयपुर






# नारायणी ग्याँस


## गाईघाट,डिलर, उदयपुर

बिक्रेता - अर्जुन तिम्सिना

सम्पर्क मो. - ९८१९३३२३३२

# सगरमाथा डिपाटमेन्ट स्टोर

## गाईघाट, उदयपुर






# फुटबल खेलमा रमाएका दिपक थापा

❖ बेदकुमारी राई





दिपक थापा अखिल नेपाल फुटबल प्रशिक्षक संघका केन्द्रीय सदस्य तथा जिल्ला फुटबल संघ उदयपुरका प्रशिक्षक हुन । उनी उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका सिबाईमा बुवा कृष्ण बहादुर थापा मगर र आमा सरिता देवी थापा मगर का सन्तानका रुपमा दिपक थापा मगर जन्मेका हुन् । उनका एक बहिनी पनि छ ।

दिपक थापाका बुवा नेपाल टेलिकममा जागिरे थिए भने आमा गृहणी थिइन । उनले कक्षा १ देखि कक्षा १० सम्म अध्ययन गरे । ११ मा रहेको त्रियुगा मा. वि मा कक्षा १ देखि कक्षा १० सम्म अध्ययन पुरा गरे । कक्षा ११ र १२ त्रि. न.पा ३ मा रहेको त्रि.ज.व.क्याम्पसमा अध्ययन गरे डिग्री काठमाठमाण्डैको नेपाल कमर्स क्याम्पस बाट पुरा गरे । उनले ८ बर्ष अगाडि त्रि.न.पा १२ मा बस्ने प्रमिला मगर सँग विवाह गरे अहिले उनका दुई सन्तान छन ।








उनलाई फुटबल खेल्ने प्रेरणा उनका पिताले दिएको हो। उनका पिता सप्तरी जिल्लाबाट खेल्थे तर क्षणिक रुपमा खेलेर छाडि दिए । त्यसकारण उनका पिताले दिपक थापा लाई फुटबल खेल्नु पर्छ भन्ने धारणा दिएको बताउँछन । सुरुमा दिपक थापाले ९/१० बर्षमा फुटबल खेले पनि त्यसको बारेमा त्यति धेरै ज्ञान नभएर अज्ञान मै उनले अण्डर फोट्टीनमा उदयपुरको जिल्लाको टिमबाट २०५६ सालमा खेलेका थिए । उनी सम्झन्छन् उनी सँगै खेलेका फुटबल ब्याजि विरबहादुर कटुवाल , रोहित भुजेल , गुनराज ढकाल,असिम राई, सत्यनारायण चौधरी, दिलीप चौधरी, मधु श्रेष्ठ, दिपक राई, किरण राइ उनका टिमका सदस्य थिए ।










साथीहरू सँग बस्न रुचाउँछन् उनी भन्छन् उदयपुर जिल्लामा पुरुष र महिलाको दाजोमा पुरुषको संख्या पनि धेरै खेले पनि अब्बल रहेको छ । महिलाहरूलाई ग्राउन्ड भित्र ल्याउन सक्ने वातावरण छैन स्थानीय निकायले प्रतियोगिता नगराउने भएकाले पनि महिलामा यस्तो समस्या देखा परेको छ । उदयपुर जिल्लाका खेलाडीलाई राष्ट्रिय खेलाडी बनाउने वा उदयपुरमा जन्माउने मुख्य उदेश्य रहेका छ । यसका साथ साथै सम्बन्धित निकायले महिला प्रतियोगिता आयोजना गर्नअपरिहार्य ठान्दछ। उदयपुर जिल्लामा धैरलागु पदार्थमा फसेका युवाहरू भेटिने भएकोले यस्ता अमुल्य समयलाई फुटबल जस्ता खेलक्षेत्रमा तथा सिर्जनशिल क्षेत्रमा लगानी गर्न उनी अनुरोध गर्दछन् ।





# बसाहा वीरेन्द्रचोक रानीटार सडक कालोपत्रे बन्दै

❖ महेन्द्र राई

*उदयपुर, जेठ २६*

चोउदण्डिगढि बसाहा, जेठ १८ उदयपुरको पुर्बी चोउदन्डीगडढि नगरपालिका ३ बसहा बिरेन्द्रचोकदेखि रानिटारसम्म सडक कालोपत्रे बन्ने भएको छ।

ससदिय छेत्र बिकास कोषको २करोड ७० लाख अनुदान लागतमा बसाहाको बिरेन्द्रचोकदेखि रानिटारसम्म २ किलोमिटर कृषि सडक कालोपत्रे हुन लागेको हो।

उदयपुर गाइघाटस्थित र ोउता कन्ट्रक्सन प्रालिले ठेक्का पाएको यो आयोजना यस अघि नै



सम्पन्न भइसक्नु पर्ने थियो। बन्दा कोरोना भाइ रस र निषेधाज्ञा को कारण काम म केही ढिलाइ भएको निर्माण कम्पनिले जनाएको छ। सडक कालोपत्रे गर्नको लागि सडकको किनारामा नाली, पर्खाल, हमपाइप, कालोपत्रे गर्ने सडकमा गिटि, माटो राख्ने सबै काम सकिएको छ अब कालोपत्रे मात्र गर्न बाकी रहेको निर्माण कम्पनिले जनाएको छ। सडक कालोपत्रे बने पछि बसहादेखि चोउदन्डिगढी दरबार हुदै भोजपुर जिल्ला प्रवेश मा सहज हुनेछ।

***उदयपुरमा ......***

कोविडका कारण दुखद ज्यान भएको छ। त्रियुगा नगरपालिकाका ७ महिलासहित २४, चौदण्डीगढीका ४ महिलासहित ९, कटारीका ३ महिलासहित ५, बेलकाका ५ पुरुषको कोविडले ज्यान लगिसकेको छ। त्यस्तै र ौतामाईका १ महिलासहित ४, उदयपुरगढीका १ महिलासहित ३ र लिमचुङबुङका एक पुरुषको ज्यान गएको स्वास्थ्यले जनाएको छ।

उदयपुरमा कोरोना भाइरस संक्रमणको अति डरलाग्दो स्थिति आईपरेपछि जिल्लामा विभिन्न योजनाहरु बनाइएको भएपनि कार्यान्वयन गराउन नसक्दा धेरै जनाले अकालमा मृत्युवरण गर्नुपर्यो। जिल्लामा संक्रमण बढ्न नदिन जिल्लामा जारी गरिएको निशेधाज्ञामाथि कडाई यथावत राखिएको छ। विहान ६:०० देखि ९:०० बजेसम्म खाद्यान्न र औषधि बजार पसल खुल्ला गर्ने गरिएको छ भने अन्य पसल सबै बन्द छन्। औषधि पसल भने खुल्ला गरिउको छ। बैंक तथा बित्तीय संस्थाहरु साताका आईतबार, मंगलबार र बिहीबार खुल्ला गर्न थालिएको छ।

निशेधाज्ञा उल्लंघन गर्ने सवारी साधन र बिना काम बजार डुल्न निस्कनेलाई प्रहर ीले पक्राउ गरी कारबाही गर्ने गरेको छ। बुधबार निशेधाज्ञा तोडेर विना काम बजार निस्केका ६३ वटा साना ठूला सवारी साधनलाई पैहरीले होल्ड गरेको जनाएको छ भने १ सय २१ जनालाई सम्झाई बुझाई गरेको जनाएको छ। त्यसैगरी कोविडबाट बँच्ने सचेतना प्रचार प्रसार तथाथ माईकिङ १ सय २३ ठाउँमा गरिएको प्रहरी प्रमुख एसपी भीम दाहालले बताए।

दाहालका अनुसार हालसम्म निको हुने र नहुने कोविड सक्रमितको संख्या १ हजार ५ सय २२ पगेको छ। जिल्लामा कोविडले गर्दा मृत्यु हुनेको संख्या १७ महिलासहित ४८ पुगेको पनि प्रहरीले जनाएको छ।

## जेठ २७ गते बिहिबार गाईघाटको तरकारी बजार भाउ



| | | | | | |
|---|---|---|---|---|---|
| १, | आलु | रु ४० | १२, | फुलकोबी | रु ५० |
| २, | अदुवा | रु १०० | १३, | फर्सि | रु ३० |
| ३, | टमाटर | रु ६० | १४, | कटहर | रु ६० |
| ४, | बन्दा | रु ५० | १५, | काका | रु ४० |
| ५, | भेन्टा | रु ५० | १६, | धनियाँ | रु १५० |
| ६, | खुर्सानी | रु ८० | १७, | लोकलबोडि | रु ८० |
| ७, | मुला | रु ६० | १८, | खर्बुजा | रु ४० |
| ८, | पर्बल | रु ८० | १९, | रायो साग | रु ६० |
| ९, | तितेकरेला | रु ६० | २०, | लट्टे साग | रु ४० |
| १०, | भिन्डी | रु ४० | २१, | प्याज | रु ५० |
| ११, | च्याउ | रु २०० | २२, | निगुरो | रु २० |





बिके किराना पसल
गाईघाट, उदयपुर

















ब्याडमिन्टन खेलप्रति आर्कषण । उदयपुरको सदरमुकाम गाईघाट त्रियुगा नगरपालिका १३ पुरानो गाईघाट सब्जीबजारमा स्थित अस्थायी प्रहरी पोष्टमा रहेको ब्याडमिन्टन कोटमा ब्याडमिन्टन खेल्दै स्थानीयहरु। तस्बिर - मुलुकी ।

# कटारीमा प्रसुती सेवा सुरु

❖ ऋषि राई

*उदयपुर, जेठ २७*

कटारी अस्पतालमा १ वर्षदेखि बन्द प्रसूति शल्यक्रिया सुरु उदयपुर(कटारी)- उदयपुरको कटारी नगरपालिका वडा नम्बर ४ स्थित कटारी अस्पतालमा १ वर्षदेखि बन्द भएको प्रसूति शल्यक्रिया सेवा सुरु भएको छ ।

१ वर्षअघि सुरु भए पनि पनि दक्ष चिकित्सक अभावमा बन्द रहेको प्रसूति शल्यक्रिया सेवा एमडिजिपी डा. राज गजमेर अस्पतालमा मेडिक्ल सुपरिटेन्डेन्ट प्रमुख भएर आएसँगै सुरु भएको हो ।


कटारी अस्पतालका सुपरिटेन्टेन्ड डा. गजमेरले दक्ष चिकित्सक अभावमा बन्द शल्यक्रिया सुरु गरिएको जानकारी दिए ।

सेवा सुरु भएसँगै अस्पतालले २ जना महिलाको सफल शल्यक्रियासमेत गरिसक्केको कटारी नगर उपप्रमुख भीमकुमारी राउतले बताइन् । शल्यक्रिया सुरु भएपछि प्रसूतिका लागि जटिल अवस्थाका महिलाले कटारीमै सेवा पाउने राउतको भनाइ छ ।

कटारीबाटै प्रसूति शल्यक्रिया सेवा सुरु भएसँगै शल्यक्रियामार्फत प्रसूति गराउनुपर्ने गर्भवतीले सिरहाको मिर्चैया, लहान, जनकपुर, विराटनगरका निजी अस्पतालमा महँगो शल्यक्रिया गराउनुपर्ने बाध्यता हटेको नगरप्रमुख ज्ञानेन्द्र श्रेष्ठले जानकारी दिए ।

अस्पतालको स्तरोन्नति र शल्यक्रियाका लागि आवश्यक सामग्रीलगायतमा नगरपालिकाले सबैखाले सहयोग गरिने बताएको छ। अस्पतालमा सामान्य सर्जरी, एपेन्डिसाइटिसको शल्यक्रिया, गर्भवती महिलाको बच्चा जन्माउने अप्रेसन सिएस पनि नियमित निःशुल्क सञ्चालन भइरहेको छ । शल्यक्रिया सुरु भएपछि उदयपुरका साथै छिमेकी सिन्धुली, खोटाङ, ओखलढुंगा, सोलुखुम्बुका महिलाले समेत अस्पतालबाट सेवा पाउनेछन्।






त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड,
लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः-**थमान चामलिङ राई**
सम्पर्कः- ९८४२९७५८७७, ९८१९७३८६८३
*यहा अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्रि गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*

## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स



त्रिनपा–११ गाईघाट, असारीरोड, लालिगुराक बोडिङ पूर्व काका होटलसँगै जोडिएको
प्रोपाइटरः-**बिनोदकुमार पाण्डे**
सम्पर्कः- ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*

माझखर्क साप्ताहिकको सह-प्रकाशन..
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नम्बर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट